# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ८ २०७९ साल असार ३१ गते


## भागः २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## जनतासँग नगर उप प्रमुख कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७९

**प्रस्तावनाः** दुल्लू नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने विपन्न महिला तथा महिलाहरुद्वारा संचालित संस्था तथा उद्यम व्यवसायलाई संरक्षण, प्रवर्द्धन तथा संस्थागतीकरण गर्न एवं महिला, वालवालिका तथा अपांगहरुसँग सरोकार राख्ने सामाजिक, आर्थिक तथा रोजगारीसँग सम्वन्धित सवालहरुलाई सम्वोधन गरि महिलाहरुलाई स्वरोजगार तथा आत्मनिर्भर वनाई लिंगको आधारमा हुने सामाजिक विभेदलाई न्यूनीकरण गर्न तथा दुल्लू नगरपालिका क्षेत्र भित्रको धर्म संस्कृतिको संरक्षण गर्नको लागि **जनतासँग नगर उप प्रमुख कार्यक्रम**लाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

दल्लू नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि दल्लू नगर कार्यपालिकाको मिति २०७९।०३।२७ गतेको वैठकवाट **"जनतासँग नगर उप प्रमुख कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७९"** पारित गरि लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "जनता सँग नगर उप प्रमुख कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाले सम्वत् २०७९ श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमभा,

(क) "उप प्रमुख" भन्नाले दुल्लू नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले जनतासँग नगर उप प्रमुख कार्यक्रम सम्झनु पर्छ ।

(ग) "कार्यपालिका " भन्नाले दुल्लू नगरकार्यपालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका सदस्य" दुल्लू नगरकार्यपालिकाका कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(ङ) "स्त्रीरोग" भन्नाले महिलाहरुमा मात्र देखिने विशेषगरि प्रजनन् स्वास्थ्य सम्वन्धी रोग सम्झनुपर्छ ।

(च) "नगद सहायता" भन्नाले यस कार्यविधि बमोजिम कुनै कारणवाट पिडित नागरिकलाई सहयोग स्वरुप उपलब्ध गराईने नगद रुपैयाँलाई सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले दुल्लू नगरपालिका सम्झनु पर्छ ।

(ज) "प्रमुख" भन्नाले दुल्लू नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दल्लू नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ । सो शव्दले आर्थिक अधिकार प्राप्त निमित्त प्रमुख प्रशासकीय अधिकृत समेतलाई जनाउनेछ ।

(ञ) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम सेवा सुविधा प्राप्त गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ । (ट) "विषयगत शाखा" भन्नाले दुल्लू नगरपालिकाको कार्यालय अन्तर्गत सबै विषयगत शाखा सम्झनुपर्छ ।

(ठ) "वस्तुगत सहायता" भन्नाले विभिन्न कारणले पिडित नागरिकलाई सहयोग स्वरुप उपलब्ध गराइने बस्तुगत सामाग्री सम्झनुपर्छ ।

(ड) "सदस्य सचिव" भन्नाले कार्यविधिको दफा ४(१) को खण्ड (च) बमोजिम तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(ढ) "समिति" भन्नाले यस कार्यविधि बमोजिम कार्य गर्न गठित कार्यविधिको दफा ४ को उपदफा (१) बमोजिमको समिति सम्झनुपर्छ ।

(ण) "साना पूर्वाधार" भन्नाले लागत साझेदारीमा सम्पन्न गर्न सकिने रु ५ लाख सम्म लागत अनुमान भएका अत्यावश्यक पूर्वाधारका जन्य योजनाहरु सम्झनु पर्दछ,

३. **कार्यक्रमको लक्षित वर्ग :** (१) जनतासँग नगर उप प्रमुख कार्यक्रम देहायमा उल्लेखित वर्गसँग लक्षित गरि कार्यान्वयन गरिनेछ ।

(क) महिला तथा महिलाद्वारा संचालन गरिएका संस्थाहरु तथा उद्यम व्यवसायहरु

(ख) हिंसा पीडित समूह (महिला, पुरुष, वालवालिका)

(ग) सहारा विहिन समूह (एकल महिला, अपांग, अभिभावक विहिन वालवालिका, जेष्ठ नागरिक)

(घ) किशोर, किशोरी, युवा, विद्यार्थी

(ङ) स्त्रीरोगबाट पिडित महिला

(च) लैंगिक तथा यौनिक अल्पसंख्यक

(छ) अन्य साना पूर्वाधार निर्माण

४. **कार्यक्रम कार्यान्वयन समिति :** (१) कार्यक्रमको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिम एक कार्यान्वयन समिति गठन हुनेछ ।

(क) नगर उप प्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) संयोजकले तोकेको एक जना महिला सहित कार्यपालिका सदस्य मध्येवाट चार जना -सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) लैंगिक समता तथा सामाजिक समावेशीकरण शाखा प्रमुख -सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको वैठक संयोजकले तोकेको समय र स्थानमा वस्नेछ । समितिको वैठक सञ्चालन सम्वन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

(३) समितिको बैठकमा नगर प्रमुखलाई आमन्त्रण गर्नुपर्नेछ भने सम्बन्धित विषयगत क्षेत्रका विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ ।

(४) समितिको वैठक वस्दा वैठक भत्ता र पानी तथा खाजा खर्च दल्लू नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ को दफा ४ बमोजिम हुनेछ ।

५. **कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :** जनतासँग नगर उप प्रमुख कार्यक्रम सञ्चालनका लागि यस कार्यविधिको दफा ३ को उपदफा १ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ,

(क) कार्यक्रम कार्यान्वयनको ढाँचा तथा मापदण्ड निर्धारण गर्ने,

(ख) कार्यक्रममा आवद्धताको लागि प्रस्तावनाको ढाँचा, सम्वन्धित वडाले गर्ने सिफारिसको ढाँचा, आवश्यक कागजातहरु तथा लाभग्राहीहरु छनौटको मापदण्ड निर्धारण गर्ने,

(ग) कार्यक्रमका सहभागीताको लागि सार्वजनिक सूचना मार्फत प्रस्तावना संकलन गर्ने,

(घ) संकलन गरिएका प्रस्तावना उपर छानविन गरि उपयुक्त लाभग्राहीहरुको छनौट गर्ने,

(ङ) लाभग्राहीहरु छनौट गर्नुपूर्व आवश्यक देखिएमा स्थलगत भ्रमण गर्ने,

(च) नगरपालिकाको सबै वडाहरुमा नागरिकहरुसँग भेटघाट गरी समस्या पहिचान गर्ने तथा तत्काल समाधानको लागि पहल गर्ने,

(छ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने

(ज) कार्यक्रमको प्रगति तयार गरी कार्यपालिका तथा नगरसभा समक्ष पेश गर्ने,

६. **वजेट व्यवस्थापन :** यस कार्यविधि बमोजिमको सुविधा उपलव्ध गराउन नगरपालिकाको वार्षिक कार्यक्रममा **"जनतासँग नगर उप प्रमुख कार्यक्रम"** शिर्षकमा आवश्यकता अनुसार वजेट विनियोजन गरिनेछ ।

७. **कार्यक्रममा समेटिने क्षेत्र :** नगरक्षेत्र भित्र बसोवास गर्ने नागरिकहरुलाई यस कार्यविधि बमोजिमको सेवा उपलब्ध गराउँदा देहाय बमोजिमका विषय क्षेत्रहरु समेट्नु पर्नेछ,

**(क) महिला तथा महिलाद्धारा संचालन गरिएका संस्थाहरु तथा उद्यम व्यवसायहरु** : महिला सहकारीको संस्थागत विकास तथा पूर्वाधार निर्माण सहयोग, आमा समूहको संस्थागत विकास सहयोग, महिला उद्यमी, उद्यमी छात्रा तथा महिला व्यवसायीहरुलाई उद्यम व्यवसाय प्रवर्द्धन गर्नमा नगद तथा वस्तुगत सहायता प्रदान तथा उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिनेछ,

**(ख) हिंसा पीडित समूह (महिला, पुरुष, वालवालिका)** : विभिन्न खाले घरेलु हिंसावाट पिडित महिला, पुरुष तथा वालवालिकाको खोजी तथा उद्धार एवं आवश्यकताका आधारमा वस्तुगत तथा नगद आर्थिक सहायता प्रदान गर्न सकिनेछ,

**(ग) सहारा विहिन समूह (एकल महिला, अपांग, अभिभावक विहिन वालवालिका, जेष्ठ नागरिक)** : एकल महिलालाई तथा अपांगहरु उनीहरुको क्षमता सुहाउँदो आयआर्जन क्रियाकलापहरु संचालनमा सहयोग, अपांगहरुलाई सहयोगी सामाग्रीहरु वितरण, अभिभावक विहिन वालवालिकालाई कापी, कलम, पोषाक तथा अन्य अध्ययन सामाग्रीहरु सहयोग, प्राविधिक उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति सहयोग, सहारा विहिन जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण एवं नगद आर्थिक सहायता प्रदान गर्न सकिनेछ । साथै "क" बर्गका अपांग परिचयपत्र वितरणको लागि यातायात खर्च शिर्षकमा रकम अभाव भएका सो कार्यका लागि पनि यस शिर्षकवाट रकम भुक्तानी गर्न सकिनेछ ।

**(घ) किशोर, किशोरी, युवा, विद्यार्थी** : किशोर, किशोरीहरुलाई जीवनोपयोगी सिप विकास तालिम तथा आय आर्जन सहयोग कार्यक्रम संचालन गरिनेछ भने युवाहरुको मागको आधारमा युवा लक्षित कार्यक्रम तथा खेलकुद जन्य क्रियाकलापहरुमा लगानी गर्न सकिनेछ । त्यसै गरी विद्यार्थीहरुको सर्वाङ्गिण विकासको लागि विकासको लागि अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने क्षेत्रमा लगानी गर्न सकिनेछ ।

**(ङ) स्त्रीरोगबाट पीडित महिला** : स्त्रीरोगवाट पीडित विपन्न परिवारका महिलाहरुलाई उपचार सहयोग तथा उपचारको लागि नगरपालिका वाहिर जाँदा यातायात सहयोग गरिनेछ,

**(च) लैंगिक तथा यौनिक अल्पसंख्यक** : नगरपालिकामा रहेका लैंगिक तथा यौनिक अल्पसंख्यक नागरिकहरुलाई समाजिक संरक्षण तथा सामाजिक सुरक्षा एवं आयआर्जनमुलक क्रियाकलापहरुमा लगानी गर्न सकिनेछ ।

**(छ) स्थानीय आर्थिक विकास सम्वन्धी गतिविधिहरु** : स्थानीय आर्थिक विकास तथा सामाजिक पुँजी संकलन तथा परिचालन मार्फत आत्मनिर्भरता कायम गर्ने उद्देश्यका साथ स्थापना भई सञ्चालनमा रहेका स्थानीय स्तरका समूह, सहकारी तथा सामुदायिक संस्थाहरुको क्षमता विकास, संस्थागत विकास, प्रविधिजन्य क्षेत्रको विकास तथा पुँजी निर्माण एवम् आयआर्जन मूलक क्षेत्रमा मा सहयोग पुग्ने खाले गतिविधिहरुमा सहयोग,

**(ज) अन्य साना पूर्वाधार निर्माण :** महिलाहरुलाई पत्यक्ष सहयोग पुग्ने खानेपानी तथा सिंचाई योजना निर्माण एवं मर्मत, पाईप वितरण तथा धर्म संस्कृतिको संरक्षण तथा प्रवर्द्धनको लागि मन्दिर तथा अन्य धार्मिक तथा पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माणका योजनाहरु कार्यान्वयन गरिनेछ,

८. **कार्यक्रम कार्यान्वयन प्रक्रिया :** (१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन देहाय बमोजिम प्रक्रिया पुरा गर्नु पर्नेछ,

(क) कार्यक्रम कार्यान्वयनको लागि आर्थिक वर्षको शुरुमा अनुसूची १ बमोजिमको ढाँचामा कार्यक्रममा आवद्धताको लागि १५ दिने सूचना प्रकाशन गरि प्रस्तावना आह्वान गरिनेछ,

तर आर्थिक वर्ष २०७९।०८० को हकमा वडाको योजना तर्जुमा प्रक्रियाको चरणमा वस्तीस्तरवाट प्राथमिकता प्राप्त गरि आएका तथा वडास्तरीय तथा नगर स्तरीय वजेट तथा कार्यक्रममा समेटिन नसकेका योजना तथा कार्यक्रमहरु सम्वन्धित वडावाट सिफारिस भई आएमा सोहि बमोजिम कार्यान्वयन गर्न तथा आकस्मिक रुपमा घट्ने घटना तथा पछि आवश्यकता पहिचान गरिएका विषयगत क्षेत्रको हकमा जुनसुकै बखत प्रस्तावना वा निवेदन संकलन गर्न वाधा पर्नेछैन ।

(ख) कार्यक्रममा आवद्धताको लागि व्यक्ति, समूह, समिति, सामुदायिक संस्था, विद्यालय, वाल क्लव, युवा क्लव, आमा समूह तथा समुदायमा आधारित संस्था आदिले सम्वन्धित विषयगत क्षेत्र समेटिने गरी प्रस्तावना पेश गर्नेछन्, प्रस्तावनाको ढाँचा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ग) पेश भएका प्रस्तावनाहरुलाई विषय क्षेत्रगत रुपमा छुट्याएर समितिद्धारा उपयुक्त लाभग्राहीहरु छनौट गरिनेछ ।

(घ) नगद आर्थिक सहयोगको हकमा नगर प्रमुख, उप प्रमुख, सम्वन्धित वडा कार्यालय तथा अन्य सरोकार राख्ने निकायहरुको सिफारिस तथा तोकिए बमोजिमका अन्य कागजातहरु सहित सम्वन्धित विषयगत शाखाबाट सिफारिस भई आएमा लाभग्राहीलाई भुक्तानी दिन सकिने छ ।

(ङ) वस्तुगत सहयोग तथा निर्माणजन्य कार्यक्रमहरुको हकमा प्रचलित कानून बमोजिम नगर कार्यपालिकाको कार्यालयका सम्वन्धित शाखा मार्फत आवश्यक प्रक्रिया पुरा गरेको हुनु पर्नेछ ।

(च) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि यस कार्यविधि बमोजिम सहायता प्रदान गर्दा तत्काल सहायता प्रदान गर्नुपर्ने खालका घटनाहरुमा वढिमा रु १ लाख सम्मको नगद वा बस्तुगत सहायता उपलब्ध गराउँदा संयोजक स्तरीय निर्णयवाटै कार्यान्वयन गर्न सकिनेछ ।

(छ) यस कार्यविधि बमोजिम उपलब्ध गराइने सहायता रकम सम्वन्धित व्यक्ति, संस्था वा समितिको वैंक खाता मार्फत भुक्तानी गरिने छ ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम गरिएको संयोजक स्तरीय निर्णय लगत्तै वस्ने समितिको पूर्ण बैठकवाट अनुमोदन गर्नु पर्नेछ ।

९. **प्रतिवेदन पेश गर्नु पर्ने :** यस कार्यविधि बमोजिम कार्यान्वयन समितिले गरेका काम तथा निर्णयहरु सम्बन्धी प्रगति प्रतिवेदन अनुसूची २ बमोजिमको ढाँचामा समितिको सदस्य सचिवले चौमासिक रुपमा कार्यापालिकाको बैठकमा पेश गरी स्वीकृत गराउनु पर्ने छ भने समितिले सो प्रतिवेदन नगर सभामा समेत प्रस्तुत गर्नु पर्नेछ ।

१०. **आवश्यक प्रक्रिया पूरा गर्नु पर्ने :** यस कार्यविधि बमोजिम सहयोग प्राप्त गर्न नागरिकहरुले देहाय बमोजिम आवश्यक कागजात सहितको प्रकृया पूरा गरी तोकिएको ढाँचामा प्रस्तावना सहितको निवेदन पेश गर्नु पर्नेछ ।

(क) सहायता प्राप्त गर्नुपर्ने आधारहरु प्रष्ट हुने कागजातहरु (सहायताको प्रकृति अनुसार घटना भल्किने फोटोहरु, उपचारसँग सम्वन्धित कागजातहरु, उपचारमा भएको खर्चसँग सम्वन्धित कागजातहरु, घटना दर्ता प्रमाणपत्र, नाता प्रमाणित)

(ख) सम्वन्धित व्यक्ति, संस्था वा समितिको प्रस्तावना सहितको निवेदन, सम्वन्धित वडा कार्यालय तथा अन्य सरोकार राख्ने निकाय (शैक्षिक संस्था, विकास साभ्fेदार, स्वास्थ्य संस्था तथा अन्य) को सिफारिस,

(ग) पूर्वाधारजन्य कार्यक्रमको हकमा प्रचलित कानून बमोजिम लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन, संरचनाको फोटो तथा विल भरपाई लगायत समितिले तोकेका अन्य कागजातहरु एवं कार्यक्रमसँग सम्वन्ध राख्ने नगर कार्यपालिकाको कार्यालय अन्तरगतका शाखावाट तयार पारिएका अन्य कागजातहरु,

(घ) वस्तुगत सहायताको हकमा प्रचलित कानून बमोजिम सार्वजनिक खरिद प्रक्रियासँग सम्वन्धित कागजातहरु लगायत समितिले तोकेका अन्य कागजातहरु,

(ङ) समितिको निर्णयको आधारमा सम्वन्धित विषयगत शाखाले तयार गरेको अन्य कागजातहरु,

११. **लेखा परीक्षण हुने :** यस कार्यविधि बमोजिम खर्च गरिएको रकमको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

१२. **अनुगमन गर्नु पर्ने :** यस कार्यविधि बमोजिम प्रदान गरिएको नगद आर्थिक सहयोग तथा बस्तुगत सामाग्री सहयोग उपयुक्त रुपमा प्रयोग भए नभएको वारेमा समितिले अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१३. **संशोधन गर्न सक्ने :** यो कार्यविधि तथा यसका कुनै दफामा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

१४. **वाधा अड्काउ फुकाउ अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै अन्यौलता उत्पन्न भएका वाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

१५. **स्वतः खारेज हुने :** यो कार्यविधि तथा यसका कुनै दफा नेपालको संविधान र प्रचलित कानूनसँग वाझिएमा वाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ ।

**अनुसूची–१**

(दफा ८(१) खण्ड (क) सँग सम्बन्धित)

**कार्यक्रममा आवद्धताको लागि प्रकाशन गरिने सूचनाको ढाँचा**

विषय : जनतासँग नगर उप प्रमुख कार्यक्रममा आवद्धताको लागि प्रस्तावना पेश गर्न सूचना प्रकाशन गरिएको वारे ।

(सूचना प्रकाशित मिति : ........../...../.....)

यस नगरपालिकाको आर्थिक वर्ष ..................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जनतासँग नगर उप प्रमुख कार्यक्रम (संचालन) कार्यविधि, २०७९ को दफा ७(१) को खण्ड (क) बमोजिम तपसिलमा उल्लेखित विषयगत क्षेत्रसँग सम्वन्धित कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि कार्यक्रमका लक्षित वर्गहरुवाट तोकिएको ढाँचामा प्रस्तावना आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ । ईच्छुक तथा लक्षित व्यक्ति वा संस्थाले तपसिलमा उल्लेखित कागजातहरु सहित तोकिएको ढाँचा अनुसारको प्रस्तावना सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ । प्रस्तावनाको ढाँचा यस नगरपालिकाको वेभ साईट www.dullumun.gov.np मार्फत वा यस कार्यालयवाट प्राप्त गर्न सकिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**कार्यक्रम कार्यान्वयन हुने विषयगत क्षेत्रहरु**

**(क) महिला तथा महिलाद्धारा संचालन गरिएका संस्थाहरु तथा उद्यम व्यवसायहरु** : महिला सहकारीको संस्थागत विकास तथा पूर्वाधार निर्माण सहयोग, आमा समूहको संस्थागत विकास सहयोग, महिला उद्यमी, उद्यमी छात्रा तथा महिला व्यवसायीहरुलाई उद्यम व्यवसाय प्रवर्द्धन गर्नमा नगद तथा वस्तुगत सहायता प्रदान तथा उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिनेछ,

**(ख) हिंसा पीडित समूह (महिला, पुरुष, वालवालिका)** : विभिन्न खाले घरेलु हिंसावाट पीडित महिला, पुरुष तथा वालवालिकाको खोजी तथा उद्धार एवं आवश्यकताका आधारमा वस्तुगत तथा नगद आर्थिक सहायता प्रदान गर्न सकिनेछ,

**(ग) सहारा विहिन समूह (एकल महिला, अपांग, अभिभावक विहिन वालवालिका, जेष्ठ नागरिक)** : एकल महिलालाई तथा अपांगहरु उनीहरुको क्षमता सुहाउँदो आयआर्जन क्रियाकलापहरु संचालनमा सहयोग, अपांगहरुलाई सहयोगी सामाग्रीहरु वितरण, अभिभावक विहिन वालवालिकालाई कापी, कलम, पोषाक तथा अन्य अध्ययन सामाग्रीहरु सहयोग, प्राविधिक उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति सहयोग, सहारा विहिन जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण एवं नगद आर्थिक सहायता प्रदान गर्न सकिनेछ । साथै "क" बर्गका अपांग परिचयपत्र वितरणको लागि यातायात खर्च शिर्षकमा रकम अभाव भएका सो कार्यका लागि पनि यस शिर्षकवाट रकम भुक्तानी गर्न सकिनेछ ।

**(घ) किशोर, किशोरी, युवा, विद्यार्थी** : किशोर, किशोरीहरुलाई जीवनोपयोगी सिप विकास तालिम तथा आय आर्जन सहयोग कार्यक्रम संचालन गरिनेछ भने युवाहरुको मागको आधारमा युवा लक्षित कार्यक्रम तथा खेलकुद जन्य क्रियाकलापहरुमा लगानी गर्न सकिनेछ । त्यसै गरी विद्यार्थीहरुको सर्वाङ्गिण विकासको लागि विकासको लागि अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने क्षेत्रमा लगानी गर्न सकिनेछ ।

**(ङ) स्त्रीरोगबाट पीडित महिला** : स्त्रीरोगवाट पीडित विपन्न परिवारका महिलाहरुलाई उपचार सहयोग तथा उपचारको लागि नगरपालिका वाहिर जाँदा यातायात सहयोग गरिनेछ,

**(च) लैंगिक तथा यौनिक अल्पसंख्यक** : नगरपालिकामा रहेका लैंगिक तथा यौनिक अल्पसंख्यक नागरिकहरुलाई समाजिक संरक्षण तथा सामाजिक सुरक्षा एवं आयआर्जनमुलक क्रियाकलापहरुमा लगानी गर्न सकिनेछ ।

**(छ) स्थानीय आर्थिक विकास सम्वन्धी गतिविधिहरु** : स्थानीय आर्थिक विकास तथा सामाजिक पुँजी संकलन तथा परिचालन मार्फत आत्मनिर्भरता कायम गर्ने उद्देश्यका साथ स्थापना भई सञ्चालनमा रहेका स्थानीय स्तरका समूह,

सहकारी तथा सामुदायिक संस्थाहरुको क्षमता विकास, संस्थागत विकास, प्रविधिजन्य क्षेत्रको विकास तथा पुँजी निर्माण एवम् आयआर्जन मूलक क्षेत्रमा मा सहयोग पुग्ने खाले गतिविधिहरुमा सहयोग,

**(ज) अन्य साना पूर्वाधार निर्माण :** महिलाहरुलाई पत्यक्ष सहयोग पुग्ने खानेपानी तथा सिंचाई योजना निर्माण एवं मर्मत, पाईप वितरण तथा धर्म संस्कृतिको संरक्षण तथा प्रवर्द्धनको लागि मन्दिर तथा अन्य धार्मिक तथा पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माणका योजनाहरु कार्यान्वयन गरिनेछ,

**आवश्यक कागजातहरु (समितिले तोके बमोजिम)**

१.........................

२.........................

३.........................

.................


**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची–२

(दफा ९ सँग सम्बन्धित)

### प्रतिवेदनको ढाँचा

| क्र.स. | संचालित कार्यक्रम वा गतिविधि | लाभग्राही व्यक्ति वा संस्थाको नाम | ठेगाना | लाभान्वित जनसंख्या | | | | | | | | | गरिएका गतिविधिहरु | खर्च भएको रकम रु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दलित | | जनजाती | | अन्य | | जम्मा | | कुल जम्मा | | |
| | | | | म | पु | म | पु | म | पु | म | पु | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |



...............

आज्ञाले

ज्ञानमणि नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७९/०३/३१